# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १८७ | काठमाडौं | मंगलबार, २२ कात्तिक २०७९ | Prabhab National Daily | Tuesday, November 8, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


# देउवा–ओलीको 'बहुमत मन्त्र'

यी दुई नेताको भनाइलाई मात्रै आधार मान्ने हो भने बहुमत ल्याउन दलहरूलाई मुस्किल नै हुँदैन, र भने जसरी सहजै जनताले बहुमत दिन्छन् । तर, साढे छ दशकको चुनावी इतिहासलाई हेर्दा एकल बहुमत ल्याउन दलहरूलाई सहज पटक्कै हुँदैन ।

■ जेबी योञ्जन

**काठमाडौं-** आगामी ४ मंसिरमा हुने निर्वाचनबाट बहुमत ल्याउने दाबी प्रमुख दलका शीर्ष नेताहरूले बारम्बार गरिरहेका छन् । यस्तो दाबी गर्नेमा नेपाली कांग्रेसका सभापतिसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवा र पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली छन् । अझ ओली त एमालेले दुईतिहाइ बहुमत ल्याउने पनि बताउँछन् ।

यी दुई नेताको भनाइलाई मात्रै आधार मान्ने हो भने बहुमत ल्याउन दलहरूलाई मुस्किल नै हुँदैन, र भने जसरी सहजै जनताले बहुमत दिन्छन् । तर, साढे छ दशकको चुनावी इतिहासलाई हेर्ने हो भने बहुमत ल्याउन दलहरूलाई सहज पटक्कै हुँदैन । किनभने, हालसम्म सातपटक आमचुनाव हुँदा तीनपटक मात्रै दलहरूले बहुमत प्राप्त गरेको इतिहास छ ।

कांग्रेसले २०४८ र २०५६ मा एकल बहुमत ल्यायो । त्यसअघि २०१५ सालमा भने उक्त दलले दुईतिहाइ बहुमत पाएको थियो । त्यसपछि बहुमत ल्याउनबाट कांग्रेस चुक्दै आएको छ । बारम्बार बहुमत ल्याउने भन्नचाहिँ कांग्रेसले छुटाउँदैन । पछिल्लोपटक देउवाले १४ कात्तिकमा घोषणापत्र सार्वजनिक गर्दै बहुमत ल्याउने दाबी गरेका थिए ।

कम्युनिस्ट पार्टीहरूले भने एक पटक मात्रै बहुमत पाएको देखिन्छ । एमाले र माओवादीबीच वाम गठबन्धन गरेर चुनावमा जाँदा २०७४ सालमा पहिलोपटक कम्युनिस्ट पार्टीलाई बहुमत प्राप्त भएको हो । अन्य तीन आमचुनाव २०५१, २०६४ र २०७० मा दलहरू एकल बहुमतविहीन बनेका थिए । तर, कुनै दलले बहुमत प्राप्त गर्दा सरकार संसद्को कार्यकालभरि सञ्चालन त भएन नै, देशमा सुशासन कायम पनि हुन सकेन । भ्रष्टाचारको समस्या विकराल छ । देशले विकास र समृद्धिको लय समात्न नसकेकोप्रति जनतामा आक्रोश छ ।

यसपटक चुनावमा स्वतन्त्र उम्मेदवारहरूको बाक्लो उपस्थिति हुनुलाई पनि दलहरूप्रति





बहुमत ल्याएको बेलामा पनि दलहरूको विगत राम्रो देखिएन । देश र जनताको पक्षमा सम्झनालायक केही गरेका छैनन् । मतदाता र करदातामात्रै बनाएर बहुमत कसरी आउँछ ?

■ **डा. विष्णु दाहाल**
**राजनीतिक विश्लेषक**

जनताको आक्रोशको परिणतिको रूपमा विश्लेषण हुँदै आएको छ । यसमा राजनीतिक विश्लेषक डा. विष्णु दाहाल पनि सहमत छन् ।

'बहुमत ल्याएको बेला पनि दलहरूको विगत राम्रो देखिएन । देश र जनताको पक्षमा सम्झनालायक केही गरेका छैनन् । मतदाता र करदाता मात्रै बनाएर चाहिँ बहुमत कसरी आउँछ ?,' उनले *प्रभाव दैनिक*सँग भने, 'समाज र विश्व यति छिटो बदलिँदै छ तर हाम्रा दलहरूले पछ्याएको बाटो पृथक छ ।'

कुनै पनि दलले सामान्य बहुमत ल्याउन प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीबाट गरी १३८ सिट जित्नुपर्छ । प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० सिट छ । यी दुई निर्वाचन प्रणालीबाट गरी अघिल्लोपटक एमालेले १२१ सिट जितेको थियो । त्यसबेला एकातिर ओली भारतले गरेको नाकाबन्दीको प्रतिरोध गरेको भन्दै राष्ट्रवादी नेता कहलिएका थिए । अर्कोतिर पहिलोपटक वाम गठबन्धन बनेको थियो । स्थिर सरकार र समृद्धिको नारा दिएको थियो । यी कारणले पहिलो दल बनेको विश्लेषण भएको थियो ।

यसपटक पनि ओलीले आफूलाई राष्ट्रवादी नेताको रूपमा चिनाउन खोजेका छन् । भारतले अतिक्रमण गरेको तर नेपालको राजनीतिक तथा प्रशासनिक नक्सामा समावेश गरिएको लिपुलेक, कालापानी र सुस्तासमेतको भूगोल गरेको दार्चुला पुगेर चुनावी अभियान सुरु गरिसकेका छन् ।

अभियान सुरु गरेपछि शनिबार काठमाडौंमा प्रवासी नेपाली मञ्चको एक कार्यक्रममा बोल्दै ओलीले एकल बहुमत ल्याउन एमालेलाई कसैले रोक्न नसक्ने जिकिर गरेका हुन् ।

'...एमाले त्यस्तो मोलतोलको सरकारको पक्षमा छैन । नेकपा एमालेले एक्लै सरकार बनाउन सक्छ । त्यसका लागि बहुमत ल्याउन सक्छ,' ओलीको भनाइ थियो ।

देउवाको दल भने अघिल्लोपटक कांग्रेसकै इतिहासमा सर्वाधिक कमजोर बन्यो । सात दशक लामो राजनीतिक इतिहास बोकेको दल प्रत्यक्षतर्फ २३ सिटमा खुम्चियो । धन्न समानुपातिक प्रणालीबाट ४० सिट थप्दा ६३ पुग्यो । त्यसमा पनि विजयकुमार गच्छदार भ्रष्टाचार र अफताव आलमविरुद्ध बम विष्फोट र हत्यासम्बन्धी अभियोग लागेपछि निलम्बनमा परे ।

यसपटक देउवा पनि गठबन्धन दलहरूको बलमा बहुमतको नारा लगाइरहेका छन् । राजनीतिक विश्लेषक दाहाल भने कुनै एक दलले बहुमत नल्याउने ठोकुवा गर्छन् । उनले त्यसबारे दुई कारण पेस गरे ।

पहिलो- समानुपातिक निर्वाचन प्रणाली । यो प्रणालीअन्तर्गत ११० सिट हुनाले कुनै एक दललाई बहुमत ल्याउन सहज नभएको दाहालको ठम्याइ छ ।

दोस्रो- दलहरूले बहुमत ल्याउँदाको विगत । दलहरूले यसअघि पटक-पटक बहुमत ल्याउँदा पनि स्थिर सरकार नभएको, सुशासन कायम नभएकोदेखि देश र जनताको पक्षमा केही नगरी सत्ता स्वार्थमा लडाइँ गरेकाले जनताले कुनै एउटा दललाई बहुमत नदिने उनको तर्क छ ।

'दलहरूले राजनीतिलाई जनतामाथि शासन गर्ने संयन्त्रको रूपमा मात्रै बुझे । नातावाद र कृपावादले आफूले समाज र देशप्रतिको उत्तरदायित्व भुले । अनि यस्तो खालको राजनीति गर्ने दलहरूले बहुमत ल्याउँछु भन्नु आफैंमा हाँस्यास्पद छ,' विश्लेषक दाहालको भनाइ छ ।

बहुमत ल्याउने दाबी गर्ने देउवाको दल कांग्रेस नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक (बाँकी पृष्ठ ५ मा)

# आचारसंहिता उल्लंघन र स्पष्टीकरणको शृंखला जारी

■ प्रभाव संवाददाता

**काठमाडौं-** आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मिति नजिकिँदै गर्दा निर्वाचन आचारसंहिता उल्लंघनका घटना पनि बढ्दै गएका छन् । निर्वाचन आयोगले आगामी मंसिर ४ गते हुने निर्वाचनका लागि जारी गरेको आचारसंहिता पालनामा कडाइ गर्दै आए पनि उल्लंघनको क्रम रोकिएको छैन ।

- प्रचारप्रसारका क्रममा टोपी प्रयोग गरेको सम्बन्धमा पुष्पकमल दाहाल, नारायणकाजी श्रेष्ठ र रवि लामिछानेलाई स्पष्टीकरण ।
- विद्युत् नियमन आयोगका अध्यक्ष दिल्लीबहादुर सिंह, लोसपा अध्यक्ष महन्थ ठाकुर, कांग्रेसका उम्मेदवार रमेश रिजाललगायतलाई पनि स्पष्टीकरण सोधियो ।

साथै, आयोगले आचारसंहिता उल्लंघन गर्ने दल, उम्मेदवार, सरकार, कर्मचारी, विभिन्न निकायका पदाधिकारी, स्थानीय तहका जनप्रतिनिधिलगायतसँग स्पष्टीकरण सोध्ने कार्यलाई पनि निरन्तरता दिइरहेको छ । यो क्रम सोमबार पनि जारी रह्यो ।

आयोगले सोमबार नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं गोरखा क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार पुष्पकमल दाहाल, सोही पार्टीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्यका चितवन क्षेत्र नं. २ का उम्मेदवार रवि लामिछानेलाई स्पष्टीकरण सोधेको छ । निर्वाचन प्रचारप्रसारका क्रममा टोपी प्रयोग गरेको सम्बन्धमा उनीहरूलाई स्पष्टीकरण सोधिएको हो ।

अध्यक्ष दाहाल र उपाध्यक्ष श्रेष्ठसमेत उपस्थित कार्यक्रममा केही व्यक्तिले हँसिया हथौडाको संकेत रहेको नेपाली टोपी प्रयोग गरेको सम्बन्धमा आयोगमा प्राप्त उजुरीका आधारमा सो स्पष्टीकरण सोधिएको आयोगले जनाएको छ । दाहाललाई यसअघि पनि स्पष्टीकरण सोधिएको थियो । उम्मेदवारी दर्ता गर्ने दिन पञ्चेबाजा बजाएको सम्बन्धमा आयोगले स्पष्टीकरण सोधेकोमा अहिलेसम्म कुनै कारबाही गरिएको छैन ।

यस्तै 'रवि लामिछानेलाई विजयी बनाऔं, यसपालिको मतदान रवि लामिछानेलाई' भन्ने व्यहोरा छापिएको टोपी प्रयोग गरेको भनी आएको उजुरीका आधारमा लामिछानेलाई स्पष्टीकरण सोधिएको छ । आयोगले जारी गरेको निर्वाचन आचारसंहितामा निर्वाचन चिह्न अंकित टोपी, भेस्टलगायत लगाएर चुनाव प्रचारप्रसार गर्न गराउन नपाइने व्यवस्था गरिएको छ । त्यसविपरीत टोपी प्रयोग गरेको विषयमा अयोगले स्पष्टीकरण सोधेको हो ।

**बालबालिका प्रयोगबारे स्पष्टीकरण**

यसैगरी आयोगले लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष एवं महोत्तरी क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार महन्थ ठाकुर, नेकपा एमालेका तर्फबाट प्रदेशसभा सदस्यका दाङ क्षेत्र नं ३ (२) का उम्मेदवार हुकुमबहादुर बस्नेत र प्रतिनिधिसभा सदस्यका झापा क्षेत्र नं २ का स्वतन्त्र उम्मेदवार भद्रप्रसाद नेपाललाई स्पष्टीकरण सोधेको छ ।

स्पष्टीकरणपत्रमा ठाकुरले बालबालिकालाई आफ्नो निर्वाचन चिह्न अंकित पम्प्लेट लिई वितरण गर्न हिँडिरहेको देखिने सामग्री संकलन गरी आयोगमा उजुरी प्राप्त भएको, बस्नेतले आफ्नो निर्वाचन प्रचारप्रसार गर्दा बालबालिकाको प्रयोग गरेको फोटोसमेतको सामग्री आयोगमा प्राप्त भएको तथा (बाँकी पृष्ठ ५ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# पुन:एकीकरण कार्यक्रम सञ्चालन कार्यविधि बन्दै




■ प्रभाव संवाददाता

**काठमाडौं-** सरकारले वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरूलाई स्वदेशमै रोजगारी दिने उद्देश्यले ल्याएको पुन:एकीकरण कार्यक्रम सञ्चालनका लागि कार्यविधि तयारी गरिरहेको छ । वैदेशिक रोजगार बोर्ड सचिवालयले चालु आर्थिक वर्ष २०७९/८० का लागि पारित गरेको नीति तथा कार्यक्रमअन्तर्गत पुन:एकीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वनका लागि कार्यविधि बनाउन लागेको हो ।

वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका युवाहरूको अनुभव, श्रम, सीप र पुँजीको प्रयोग गर्ने नीतिअनुरूप बोर्ड सचिवालयले पुन:एकीकरण कार्यक्रम सञ्चालन गर्न लागेको जनाएको छ । यसको कार्यान्वयन तथा कार्यक्रम सञ्चालनसम्बन्धी आवश्यक निर्देशिकासमेत बनिसकेको छ । 'पुन:एकीकरण कार्यक्रम सञ्चालन गर्न चालु आर्थिक वर्षको बजेटमा नै १५ करोड रूपैयाँ छुट्याइएको छ,' बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले भने, 'श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट निर्देशिकासमेत स्वीकृत भइसकेको अवस्थामा यसको सफल कार्यान्वयनका लागि कार्यविधि बनाउँदै छौं ।'

निर्देशिकामा वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप, पुँजी र प्रविधिलाई राष्ट्र हितका लागि उपयोग गर्न तथा नागरिकको पुन:एकीकरण गर्ने निर्दिष्ट उद्देश्य लिएको उल्लेख गरिएको छ । धेरै कुरा निर्देशिकामा नै समेटिएको भन्दै यसैलाई आधार माने कार्यविधि बन्न लागेको बोर्ड

पुन:एकीकरण कार्यक्रम सञ्चालन गर्न पहिलो चरणमा १५० गाउँपालिकासँग समन्वय भइरहेको बोर्डले जनाएको छ । अन्य पालिकाहरूमा क्रमश: विदेशबाट फर्किएका नेपालीहरूको तथ्यांक संकलन गर्ने र कार्यक्रम सञ्चालन हुने बोर्डको भनाइ छ ।

सचिवालयले जनाएको छ । पुन:एकीकरण कार्यक्रममार्फत वैदेशिक रोजगारीमाथिको निर्भरतालाई क्रमिकरूपमा न्यूनीकरण गर्दै लैजाने नीति अख्तियार गर्दै युवाहरूलाई स्वदेशमै आर्थिक सवलीकरणमा संलग्न गराउने भनिए पनि कार्यविधि कस्तो हुन्छ भन्ने विषय उप्रेतीले खुलाएनन् ।

'कार्यविधि निर्माणमा बोर्डका पदाधिकारी र कर्मचारी र विज्ञहरूसँग आवश्यक परामर्श भइरहेको छ, अहिले नै यस्तो हुन्छ भनेर नभनौं,' उनले भने, 'तर, कार्यक्रमलाई साझा उद्देश्य राखेर स्थानीय तह, सरोकारवाला र सम्बन्धित निकायको समन्वयमा सञ्चालन हुनेगरी आउँछ ।' पुन:एकीकरण कार्यक्रमले विदेशबाट फर्किएका नेपालीहरूलाई स्वदेशमै स्वरोजगारीतर्फ आकर्षित गर्न र आत्मनिर्भर बनाउनेतर्फ अग्रसर गराउने उप्रेतीले बताए । वार्षिकरूपमा पारित भएका नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्नु बोर्ड सचिवालयको दायित्व रहेको उनले बताए । अहिले पुन:एकीकरण कार्यक्रम सञ्चालनलाई पहिलो प्राथमिकता दिइएको उनको भनाइ छ ।


पुन:एकीकरण कार्यक्रम सञ्चालन गर्न पहिलो चरणमा १५० गाउँपालिकासँग समन्वय भइरहेको बोर्डले जनाएको छ । अन्य पालिकाहरूमा क्रमश: विदेशबाट फर्किएका नेपालीहरूको तथ्यांक संकलन गर्ने र कार्यक्रम सञ्चालन हुने बोर्डको भनाइ छ । बोर्डको योजना अनुसार स्थानीय र प्रदेश सरकारको सहकार्यमा वैदेशिक रोजगारीबाट फर्किएका तीन हजार जनालाई वित्तीय साक्षरता एवं उद्यमशीलता तालिममा सहभागी गराइनेछ ।

कोरोना महामारीका कारण वैदेशिक रोजागारीबाट विस्थापित भएका र रोजगार अवधि सकिएर स्वदेश फर्किने नेपालीहरूको संख्या ठूलो रहेको बोर्डले जनाएको छ । गत आर्थिक वर्षमा चार लाखभन्दा बढी नेपालीहरू स्वदेश फर्किएको बोर्डले उल्लेख गरेको छ । यसरी विदेशबाट फर्किएका युवाहरूलाई सीप तथा तालिम प्रदान गर्ने र उत्पादनशील कार्यमा सहभागी गराउने उद्देश्यका साथ स्थानीय तहले कार्यक्रमको माग गरेमा कार्यविधि निर्माणपश्चात् तत्काल कार्यान्वयनमा जाने बोर्डको योजना रहेको छ । उल्लिखित कार्यक्रम मात्र नभई अन्य कार्यक्रमहरूलाई पनि बढाउनुपर्ने आवश्यकता रहेको भन्दै सोहीअनुरूप गृहकार्य भइरहेको कार्यकारी निर्देशक उप्रेतीले जानकारी दिए । 'बोर्डको नेतृत्वमा आएको लामो समय नभए पनि अन्य वार्षिक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छलफल, परामर्श र अध्ययन भइरहेको छ,' उनले भने ।

विदेशबाट फर्किएका सबै नेपालीको अवस्था समान नहुने भएकाले उनीहरूलाई फरक-फरक किसिमको कार्यक्रम र परामर्श आवश्यकता रहेको भन्दै छुट्टाछुट्टै किसिमको कार्यक्रम सञ्चालन गर्न कार्यविधिको आवश्यकता रहेको बोर्डले औंल्याएको छ । पुन:एकीकरण कार्यक्रम सामाजिकरूपमा आर्थिक सशक्तीकरण, तालिम र रोजगारीलाई आधार बनाएर सञ्चालन गरिने भए पनि व्यक्तिको अवस्था हेरी मनोपरामर्श सेवा, सचेतना, औषधोपचार, महिला श्रमिकका समस्यालाई समेत सम्बोधन गर्ने बोर्ड सचिवालयले जनाएको छ ।




## तथ्यांकमा निर्वाचन




इन्फोग्राफिक्स: निर्वाचन आयोग

# घट्यो डेंगु संक्रमण



■ शरद् शर्मा

**काठमाडौं–** वर्षायामसँगै बढेको डेंगुको संक्रमण ह्वात्तै घटेको छ । वर्षायाम सकिएको र जाडो सुरु हुन थालेपछि डेंगुको संक्रमण घटेको हो । अहिले मौसम चिसो भएको र लामुखुट्टेको हुर्कने पानी जम्ने ठाउँ नभएपछि 'एडिज एजिप्टी' र 'एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टे पनि हराउँदै गएको छ । जसले गर्दा डेंगुको संक्रमण पनि कम हुँदै गएको छ ।

वर्षायाममा कुनै समय एक हप्तामा पाँच हजारभन्दा बढी डेंगुका बिरामी भेटिएका थिए । अहिले त्यो संख्या निकै घटेको छ । गत मंगलबार (यही कात्तिक १५ देखि कात्तिक २० गते) सम्म ६२४ जनामा मात्र डेंगुका बिरामी भेटिएको स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

जबकि, अंग्रेजी महिना अक्टोबरमा (गत असोज १५ देखि कात्तिक १५सम्म) मा १७ हजार ७१७ जनामा र अंग्रेजी महिना सेप्टेम्बरमा २७ हजार ५२९ जनामा डेंगुको संक्रमण देखिएको थियो । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चुमनलाल दासले डेंगुको संक्रमण विगत दुई हप्तादेखि घटेको बताए । उनले वातावरणको प्रभाव र रोकथाम तथा नियन्त्रणमा गरेको कामको आधारमा डेंगुका बिरामी घटेको बताए ।

महाशाखाकै कीटजन्यरोग शाखाप्रमुख डा. गोकर्ण दाहालले जनवरीदेखि ३७औं हप्तासम्म डेंगुको संक्रमण बढेको र त्यसपछि ३८औं हप्तादेखि घट्न सुरु भएको जानकारी दिए । उनका अनुसार ४३औं हप्तामामा हजारभन्दा कमको संख्यामा डेंगुका बिरामी भेटिएका छन् । ४४औं हप्तामा आइपुग्दा ६२४ जनामा मात्र डेंगुको संक्रमण देखिएको छ ।

उनले अबको १५ दिनभित्र यो संख्या निकै कम हुने बताए । महाशाखाका निर्देशक डा. दासका अनुसार संक्रमण दर उच्च भएको बेला नेपालमा डेंगु-१, डेंगु-२, डेंगु-३ र डेंगु-४ चार प्रकारका देखिएका थिए । महाशाखाका निर्देशक डा. दासले संक्रमण अघि गरिएको १२ वटा नमूनामा सात वटामा डेंगु-१ र पाँच वटा नमूनामा डेंगु-३ देखिएको जानकारी दिए । अहिले फेरि कुन तहको डेंगु रहेको छ भनेर पत्ता लगाउनका लागि नमूना परीक्षण गरिएको छ । त्यसको रिर्पोट अझै नआएको उनको भनाइ छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालकी निर्देशक डा.मनिषा रावलका अनुसार अहिले अस्पतालमा नौ जनामात्र बिरामी रहेका छन् । तीमध्ये तीन जना सघन उपचार कक्ष (आइसियू) र छ जना साधारण शयचामा उपचाररत रहेका छन् । अस्पतालका प्रमुख कल्सन्टेन्ट फिजिसियन डा. विमल चालिसेले विगत १५ दिनदेखि डेंगुका बिरामी आउनेको संख्यामा कमी भएको बताए । उनले जाडो भएसँगै डेंगुको संक्रमण गराउने लामुखुट्टेको सक्रियता कम भएको, मानिसले पनि बाक्लो हातखुट्टा छोपिने कपडा लगाउने गरेकोले डेंगुका बिरामी घटेको बताए ।

अस्पतालको आकस्मिक सेवा, बहिरंग सेवा र परीक्षण गराउने आउने बिरामी घटेको उनी बताउँछन् । अस्पतालमा पहिले दैनिक १५० देखि १७० बिरामी उपचार गर्न आउने गरे पनि अहिले त्यो संख्या घटेको छ । साँझ-बिहानको समयमा सक्रिय हुने मौसममा सफा र जमेको पानीमा बस्न 'एडिज एजिप्टी' र 'एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेको टोकाइबाट डेंगुको संक्रमण हुने गर्दथ्यो ।

नेपालमा यस वर्ष सबैभन्दा बढी डेंगुका बिरामी भेटिएका छन् । असारदेखि असोज मसान्तसम्म सबैभन्दा बढी डेंगुका बिरामी भेटिएका हुन् । यस वर्ष मात्र ५० हजार २६३ जना डेंगुका बिरामी भेटिएका छन् । तीमध्ये ५४ जनाको डेंगुका कारणले निधन भइसकेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका सूचना अधिकारी रामविक्रम अधिकारीले डेंगुका बिरामी घटेको बताए । उनका अनुसार अहिले २० जनामात्र डेंगुका बिरामी उपचारत रहेका छन् ।

नेपालमा पहिलोपटक सन् २००४ मा एक जनामा डेंगु देखिएको थियो । सन् २००५ मा भने डेंगुका बिरामी देखिएनन् । त्यसपछि सन् २००६ देखि डेंगुको संक्रमण देखिँदै आएको छ । सन् २००६ मा ३२ जना, २०१० मा ९१७ जना, २०१३ मा ६८६ जना, २०१६ मा एक हजार ५२७ जना, २०१७ मा दुई हजार १११ जना, २०१८ मा ८११ जना र २०१९ मा डेंगु बढेको पाइन्छ ।

तीमध्ये सबैभन्दा बढी २०१९ मा १७ हजार ९९२ जनामा डेंगुका बिरामी देखिएका थिए । त्यसपछि कोरोना भाइरसका कारणले नेपालमा डेंगुको संक्रमण कम देखिएको थियो । सन् २०२० मा ५३० जना र सन् २०२१ मा ५४० जना डेंगुका बिरामी देखिएका थिए । पानी जम्ने सफा ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फूल लार्भा निस्कन्छ र त्यहीँ लार्भा वयस्क भएपछि टोकेर डेंगुको रोग लाग्ने गर्दछ । पछिल्लो समय लामखुट्टेको टोकाइबाट लाग्ने रोग डेंगुका बिरामी बढ्दै गएपछि काठमाडौं महानगरपालिकाकाले 'लार्भा खोज र नष्ट गर' अभियान सञ्चालन गरेको थियो । *रासस*

# सामुदायिक विद्यालयमा ट्राफिक सचेतना कार्यक्रम

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयबाट ट्राफिक सचेतना कार्यक्रम थालनी गर्ने भएको छ । सोमबार महानगरकी उपप्रमुख सुनिता डंगोलसहित उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायव महानिरीक्षक मीरा चौधरीसहित अधिकारीको बैठकले यस्तो निर्णय गरेको हो ।



'हामी विद्यार्थीहरूलाई जीवनउपयोगी ज्ञान र सीप प्रदान गर्ने कार्यक्रममार्फत उनीहरूको चौतर्फी विकासका काम अगाडि बढाइरहेका छौं,' कार्यक्रमका बारेमा उपप्रमुख डंगोलले भनिन्, 'विद्यार्थीहरूले पाएको सीप र ज्ञानबाट परिवार र समाज पनि लाभान्वित हुनेछ । विद्यार्थी सूचनाका संवाहक हुन् । उनीहरूबाट छिट्टै परिवर्तन ल्याउन सकिन्छ ।'

विद्यालयहरूमा सञ्चालन गरिने यस प्रकारको सचेतना कार्यक्रमबाट काठमाडौंको ट्राफिक व्यवस्थापनमा दीर्घकालीन सकारात्मक प्रभाव देखिने उनको विश्वास छ । प्रहरी नायव महानिरीक्षक चौधरीले महानगरसँग नतिजामूलक सहकार्यको थालनी भएको बताइन् । सचेतना कार्यक्रमको पहिलो चरणमा सामुदायिक विद्यालयहरूमा कक्षा सञ्चालन हुने बताइएको छ । महानगरको शिक्षा विभागका प्रमुख रामप्रसाद सुवेदीकाअनुसार प्रार्थना हुने समयमा सबैका लागि पहिलो कक्षा चलाइनेछ । त्यसपछि रुचि र उमेरका आधारमा ठूला कक्षाका विद्यार्थीलाई ट्राफिक स्वयंसेवकसम्बन्धी शिक्षा र ज्ञान दिइनेछ । यसरी सैद्धान्तिक कक्षा लिइसकेका विद्यार्थीहरूलाई स्वयंसेवकका रूपमा सडकमा प्रयोगात्मक सीप सिकाइनेछ ।

# आज खग्रास चन्द्रग्रहण, तक्षशिला एकेडेमीमा निःशुल्क देखाइँदै

**काठमाडौं–** आज (मंगलबार) कार्तिक शुक्ल पूर्णिमा । आज ग्रस्तोदित खग्रास चन्द्रग्रहण परेको छ । चन्द्रग्रहणको दृश्य सामाखुसीस्थित तक्षशिला एस्ट्रोनामी क्लबले देखाउने व्यवस्था मिलाएको छ ।

सामाखुसीस्थित एकेडेमी भवनको छतबाट निःशुल्क चन्द्रग्रहण देखाउने व्यवस्था गरिएको वरिष्ठ खगोलविद् जयन्त आचार्यले जानकारी दिए । बेलुकी ०५:११ बजे चन्द्रोदय हुँदादेखि नै ग्रहण लागेर नै उदय हुने भएकाले ग्रस्तोदित चन्द्रग्रहण भनिएको हो । ग्रहणले पूरै चन्द्रमा ढाक्ने भएकाले खग्रास भनिएको नेपाल पञ्चांग निर्णायक विकास समितिले प्रकाशन गरेको 'राष्ट्रिय पञ्चांगम्'मा उल्लेख छ । बेलुकी ५:१३ बजे सूर्यास्त भएपछि ग्रहण स्पष्टरूपमा देखिनेछ ।

बेलुकी ५:२७ बजे ग्रहणको उन्मिलन हुने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले बताए । बेलुकी ६:३४ बजे ग्रहण सकिन्छ । एक घण्टा २३ मिनेट नेपालबाट ग्रहण देखिनेछ । चन्द्रग्रहणको नौ घण्टाअघिदेखि सुतक लाग्ने धर्मशास्त्रका ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा.डा. रामचन्द्र गौतमले बताए ।

आज बिहान ८:११ बजेदेखि बाल, वृद्ध र बिरामी बाहेकलाई भोजन निषेध गरिएको छ । बेलुकी ०६:३४ बजे ग्रहण सकिएपछि मात्र भोजन गर्न हुने पनि उनले बताए । ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ ।

यो ग्रहण जापान, कोरिया, चीन, भारत, क्यानडा, अलास्का आदि देशबाट खग्रास चन्द्रग्रहण देखिनेछ । नेपाल, भारत, पाकिस्तान, आदि देशबाट भने साँझमा चन्द्रमा उदाउँदा ग्रहण लागिरहेको देखिनेछ ।

यसअघि कात्तिक ८ गते मंगलबार कार्तिक कृष्ण औंसीका दिन सूर्यग्रहण लागेको थियो । यसरी यो वर्षको कात्तिक महिनाका दुवै पक्षमा ग्रहण लाग्ने समितिले जनाएको छ । *रासस*

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०५/३१ मा दर्ता भएको **प्रा.लि. नं. २४२०३० को रेवन ट्राभल्स एण्ड टुर्स प्रा. लि.**को मिति २०७९/०६/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: कुमार गुरुङ, इजाजतपत्र नं. ५२१, फोन नं. ९८४१८६१६३०**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/११/१५ मा दर्ता भएको **प्रा.लि. नं. १८७४४३ को इन्द्रेणी फुड इन्डष्ट्रिज प्रा. लि.**को मिति २०७९/०७/१८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

लिक्विडेटर: चक्र बहादुर थापा, इजाजतपत्र नं. ४५९

ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१०८२१५५

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०९/१४ मा दर्ता भएको **प्रा.लि. नं. ७८९२३** को **चन्द्र इजी लिंक सर्भिसेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०७/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

दुग्ध विकास संस्थान
विराटनगर दुग्ध वितरण आयोजना




DDC द्वारा उत्पादित गुणस्तरीय दूध तथा दुग्ध पदार्थ नियमित सेवन गरौं ।

**बिरुवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित गर्ने मिति: २०७९/०७/२२**

यस गाउँपालिका कार्यालयको मिति २०७९/०६/१२ मा सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार यस गाउँ कार्यपालिकाको कार्यालयमा आ.व.२०७९/८० का लागि भ(दष्म मार्फत दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपसील बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित तथा सारभूत रूपले प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७(२) र दफा ४७ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. स. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (VAT र PS समेत) | कै. |
|---|---|---|---|---|
| 1. | Upgrading of Biruwa Shikharsingh Daha Road (Contract ID No: NCB/BRM/WORKS/003/2079-80) | Satya Nirman Sewa Pokhara, Kaski | NRs.2004037.14 | |
| 2. | Upgrading of Belaghari Methabhurung Sapaude Eladi Road (Contract ID No: NCB/BRM/WORKS/004/2079-80) | Satya Nirman Sewa Pokhara, Kaski | NRs.2516202.45 | |
| 3. | Upgrading of Lalang Tarle Kushumbhanjyang Baseni Road (Contract ID No: NCB/BRM/WORKS/005/2079-80) | Saraswati Nirman Sewa Biruwa RM-8, Syangja | NRs.2482126.87 | |

**प्रमुख प्रशासकीय अधिकृत**

**नौकुण्ड गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**सरमथली, रसुवा**

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०७९/०७/२२

यस कार्यालयबाट सार्वजनिक खरिद अनुगमनको कार्यालयको e-portal www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार तपसिलमा उल्लेखित ठेक्कामा रितपूर्बक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मूल्यांकित र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भएको हुँदा सार्बजनिक खरीद ऐन को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त ठेक्कामा बोलपत्र पेश गरेका अन्य सबै बोलपत्र दाताहरुलाई यसै सूचनाबाट सार्बजनिक खरीद ऐन को दफा ४७ को प्रयोजनका लागि समेत जानकारी गराइएको छ ।

तपसिल :

| सि.नं. | कामको विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम, ठेगाना | स्वीकृत रकम |
|---|---|---|---|---|
| 1 | Procurement Of Backhoe Loader | NRM/NCB/Goods/01/079/80 | Maw Earth Movers pvt.ltd., Kathmandu | NRs.४४,४७,०००।०० |
| 2 | Procurement Of Tipper Truck | NRM/NCB/Goods/02/079/80 | SIPRADI TRADING PVT.LTD.,Kathmandu | २५,०४,४२४।८० Without Vat |

# प्रतिस्पर्धामा ६ पूर्वमन्त्री



**गोदावरी–** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कैलालीमा छ जना पूर्वमन्त्री चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । पाँच निर्वाचन क्षेत्र रहेको कैलालीमा क्षेत्र नं २ बाहेक चार निर्वाचन क्षेत्रमा सत्ता गठबन्धनकोतर्फबाट दुई, नेकपा (एमाले)बाट तीन र स्वतन्त्र एक गरी छ जना पूर्वमन्त्री चुनावी प्रतिस्पर्धामा उत्रिएका हुन् ।

निर्वाचन क्षेत्र नं १ मा सत्तागठबन्धनबाट पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता रामजनम चौधरी, क्षेत्र नं ४ मा सत्तागठबन्धनबाट पूर्वमन्त्री एवं कांग्रेसका प्रदेशसभापति वीरबहादुर बलायर चुनावी मैदानमा छन् ।

विसं २०७४ को निर्वाचनमा चौधरी कैलाली क्षेत्र नं ३ र बलायर डोटीबाट वाम-गठबन्धनका उम्मेदवारसँग पराजित भएका थिए । चौधरी र बलायर यसपटक पाँचदलीय गठबन्धनको सहारामा निर्वाचन जित्ने दाउमा छन् । चौधरी उम्मेदवार भएको क्षेत्र नं १ मा एमाले तर्फबाट तपेन्द्र रावल र रमेश चौधरीको नागरिक उन्मुक्ति पार्टीबाट रञ्जिता श्रेष्ठ अहिले उनका प्रतिस्पर्धी हुन् । बलायर उम्मेदवार भएको क्षेत्र नं ४ मा एमालेका तर्फबाट एमाले सचिव एवं पूर्वमन्त्री लेखराज भट्ट मुख्य प्रतिस्पर्धी छन् । भट्ट २०७४ को प्रतिनिधिसभा निर्वाचनमा वाम-गठबन्धनका तर्फबाट विजयी बनेका थिए । भट्ट जीतलाई निरन्तरता दिने दाउमा छन् भने बलायर सत्तागठबन्धनको मतबाट जित्ने दाउमा छन् ।

त्यसैगरी कैलाली निर्वाचन क्षेत्र नं ३ मा एमालेका नेता एवं पूर्वमन्त्री गौरीशंकर चौधरी चुनावी मैदानमा छन् । विसं २०७४ को निर्वाचनमा उनले वाम-गठबन्धनबाट नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री रामजनम चौधरीलाई पराजित गरेका थिए ।

एमाले नेता चौधरीसँग उनका पूर्वसहकर्मी माओवादी केन्द्रका केन्द्रीय सदस्य कृष्णकुमार चौधरी प्रतिस्पर्धा गर्दैछन् । एमालेका चौधरी जीतलाई निरन्तरता दिने रणनीतिमा छन् भने माओवादी केन्द्रका चौधरी माओवादीको विरासत कायम राख्ने दाउमा छन् । सो निर्वाचन क्षेत्रमा २०६४ देखि माओवादीले जित्दै आएको क्षेत्र हो ।

विसं २०७४ को निर्वाचनमा वाम-गठबन्धनको समर्थनमा निर्वाचन जितेका चौधरी यसपटक एमालेका उम्मेदवार छन् भने माओवादीका चौधरीलाई सत्तागठबन्धनको समर्थन छ । थारु बाहुल्यता रहेको सो निर्वाचन क्षेत्रमा नागरिक उन्मुक्ति पार्टीबाट गंगाराम चौधरी उम्मेदवार छन् । उक्त निर्वाचन क्षेत्रमा पूर्वमन्त्री चौधरी, सत्तागठबन्धनका गौरीशंकर र नागरिक उन्मुक्तिका गङ्गारामबीच प्रतिस्पर्धा हुँदैछ ।

त्यसैगरी कैलाली निर्वाचन क्षेत्र नं ५ मा एमालेका नेता एवं पूर्वमन्त्री नारदमुनि राना र कांग्रेसका पूर्वराज्यमन्त्री पुष्करनाथ ओझा स्वतन्त्रबाट चुनावी प्रतिस्पर्धामा छन् । सत्तागठबन्धबाट नेपाली कांग्रेसका डिल्लरिज पन्त उम्मेदवार छन् ।

विसं २०७४ को निर्वाचनमा एमालेका उम्मेदवार नारदमुनि रानाले कांग्रेस नेत्री आरजु राणा देउवालाई पराजित गरेका थिए । त्यसबेला राना वाम-गठबन्धनबाट विजयी बनेका थिए । यसपटक कांग्रेसका उम्मेदवार पन्तलाई सत्तागठबन्धनले साथ दिएको छ भने एमाले उम्मेदवार राना पार्टीको एकल उम्मेदवार छन् ।

यो निर्वाचन क्षेत्रमा सत्तागठबन्धन र एमाले उम्मेदवार रानालाई स्वतन्त्र उम्मेदवार ओझा चुनौतीका रूपमा देखा परेका छन् ।

सत्तागठबन्धनको मत स्वतन्त्रले काट्ने आँकलनले राना जीतलाई निरन्तरता दिने दाउमा छन् भने सत्तागठबन्धनका उम्मेदवार पन्त पाँचदलीय र एमालेभित्रको आन्तरिक किचलो फाइदा उठाउँदै चुनाव जित्ने दाउमा छन् । *रासस*


## शुभप्रवा सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.

मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं

फोन नं. ४५६१३२७, ४५६१७५६

सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं

## कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०७/२२**

यस संस्थाबाट कर्जा लिनु भएको तपसिलमा उल्लेखित ऋणीले यस संस्थासंग कर्जा लिदा कर्जा तमसुक लगायतका लिखतहरूमा उल्लेखित शर्त बन्देजहरू बमोजिम साँवा, व्याज रकम समय समयमा भुक्तानी गर्नुपर्नेमा नतिरी, नबुझाई तोकिएको भाखा अवधि भित्रको शर्त तथा कबुलियत नामामा उल्लेखित नियमहरू उल्लंघन गर्नु भएकोले बक्यौता (साँवा, व्याज र हर्जना) रकम भुक्तानी गर्नका लागि यस संस्थाबाट पटक पटक मौखिक, लिखित तर/ताकेता गरि सम्बन्धित ऋणी, साक्षी र जमानीकर्तालाई जानकारी गराउदा समेत बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले कर्जा चुक्ता गर्न आउने बारे ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त समय भित्र आफ्नो सम्पूर्ण साँवा, व्याज र हर्जना रकम बुझाई ऋण चुक्ता गर्नुहुन यसै सूचनाद्धारा जानकारी गरिन्छ । माथि उल्लेखित समयावधि भित्र ऋणीले कर्जा नतिरेमा ऋणी तथा जमानीकर्ता आफैले उक्त कर्जा लिदाँ गरेको व्यक्तिगत धनजमानी, लिखतका शर्त कबुल अनुसार आफ्नो जिम्मेवारी, दायित्वमा पर्नजाने हुदाँ कर्जासंग सम्बद्ध सबै पक्षहरूलाई यसै सूचना मार्फत जानकारी गराईन्छ । तोकिएको अवधि भित्र पनि साँवा, व्याज र हर्जना रकम चुक्ता नगरेमा सहकारी ऐन २०७४ तथा नेपालको प्रचलित अन्य बिद्यमान कानूनमा व्यवस्था भए अनुसार ऋणीले कर्जा लिदाँ कर्जा सुरक्षण बापत लेखिदिएको धितो लिलाम बिक्रि गरि कर्जा असुल उपर गरिनुका साथै कालो सूचीमा समावेश गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | साक्षी/जमानीको विवरण | धितो जमानी दिने |
|---|---|---|
| नाम थर : सोनी पाण्डे<br>पतिको नाम : बिकास राज पाण्डे<br>ससुराको नाम : रुद्रराज पाण्डे<br>स्थायी ठेगाना : काठमाण्डौं जिल्ला<br>का.म.न.पा वडा नं ३० डिल्लीबजार  | नाम थर : बिकास राज पाण्डे<br>बाबुको नाम : रुद्रराज पाण्डे<br>बाजेको नाम : उपेन्द्रराज पाण्डे<br>स्थायी ठेगाना : काठमाण्डौं जिल्ला<br>का.म.न.पा वडा नं ३० डिल्लीबजार  | नाम थर : मोहलक्ष्मी पाण्डे<br>पतिको नाम : उपेन्द्रराज पाण्डे<br>ससुराको नाम : ईन्द्रराज पाण्डे<br>स्थायी ठेगाना : काठमाण्डौं जिल्ला<br>का.म.न.पा वडा नं ३० डिल्लीबजार  |


Province Government

Ministry of Physical Infrastructure, Urban Development and Transport Management

Infrastructure Development Directorate

## Infrastructure Development Office

Lamjung

Gandaki Province, Nepal

## INVITATION FOR BIDS

Date of Publication: 8th November, 2022 (2079/07/22)

Infrastructure Development Office, Lamjung invites electronic/Online bids only from Nepalese eligible bidders for the construction of Projects mentioned below under National Competitive Single Stage, Single Envelopne Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit only E-bid as per instruction within mentioned period.

| S.N | Name of the Project | Contract ID | Cost of Bid Document (NRs) | Estimated Amount ( With VAT & PS) (NRs.) | Bid Security (NRs.) |
|---|---|---|---|---|---|
| 1. | Construction/Upgrading Harrabot Rainaskot Bichour Kunaghat Sadak | IDO/LAMJUNG/ NCB/W/01/079-080 | 3000 | 48,28,711.99 | 1,10,000 |
| 2. | Construction/Upgrading Adheri Khola Tin Mukhe Galli Naghdada Marga Sundarbazar 9 | IDO/LAMJUNG/ NCB/W/02/079-080 | 3000 | 28,97,075.08 | 65,000 |
| 3. | Construction/Upgrading Satrasaya-Duradada-Puranokot-Bakhrejagat Road | IDO/LAMJUNG/ NCB/W/03/079-080 | 3000 | 28,97,093.63 | 65,000 |
| 4. | Construction/Upgrading of Beteyani Jhimudanda Road | IDO/LAMJUNG/ NCB/W/04/079-080 | 3000 | 24,15,056.22 | 54,000 |
| 5. | Construction/Upgrading of Karaputar Nalma Bhakrejagat road | IDO/LAMJUNG/ NCB/W/05/079-080 | 3000 | 28,95,754.38 | 65,000 |
| 6. | Construction/Upgrading of Shlamebhanjyang Maling Kapur gaun sadak | IDO/LAMJUNG/ NCB/W/06/079-080 | 3000 | 28,94,002.21 | 65,000 |

Pre Bid Meeting –29th November, 2022, 13:00 Bid Submission deadline 9th December, 2022, 12:00

Bid Opening – 9th December, 2022, 13:00

Information to deposit the cost of bidding document in the Bank:

Name of Bank: Rastriya Banijya Bank, Besisahar Name of Office: Infrastructure Development Office , Lamjung

Office Code No: 3370137014, Office Account No: 27302000001001000001, Rajaswo Sirsak No: 14229

Bid must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting listed above which shall be valid for 30 days beyond the validity period of bid i.e. 120 days.


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : QUALITY FURNITURE SDN BHD  शहर : Sungai Rambai  पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२२/०९/०२  LT. No. 270888  चलानी नं . ६०१८६८०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 60 | 0 | 1500 | ४१,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २९ गते (15th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निः शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)

श्रम ईजाजत नं. १२७५/०७४/७५

Sallaghari Marg, Bansbari, Kathmandu

Tel:-+977 4372262, 4375012

Email:-skypower.rec@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LONG BOW MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०७/२१  LT. No. 274938  चलानी नं. ६०१९०६२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४१,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २९ गते (15th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

आशिर्वाद ओभरसिज प्रा. लि.

Govt. License 1211/073/074

बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६

फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९

इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : REAL FOOD PEOPLE SDN. BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२१  LT. No. 274979  चलानी नं. ६०१९०६१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 25 | 0 | 1500 | ४१,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २९ गते (15th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

All Skills International Human Resource Pvt.ltd.

श्रम ईजाजत नं ९५७/०६७/०६८

Maharajganj-03, Basundhara, Kathmandu, Nepal

Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800

E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com

Website : www.allskillsintl.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LUMIERE EVENTS WLL

पूर्व स्वीकृति मिति : २०७९/०७/२१  LT No.274988  चलानी नं. ६०१९०५७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४२,७८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electric | 1 | 0 | 1200 | ४२,७८० | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1200 | ४२,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २९ गते (15th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कःनिःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GREEN LIGHT OVERSEAS PVT. LTD

ईजाजत नं. १३६५/०७४/७५

Basundhara-3, Kathmandu,BAGMATI

Phone: 01-5905757, Fax:01-5905758, info@green-lightgroup.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEKFEN CONSTRUCTION AND INSTALLATION CO INC

पूर्व स्वीकृति मिति २०७९/०७/२०  LT No. 274975  चलानी नं. ६०१९०५६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 15 | 0 | 1200 | ४३,९०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 15 | 0 | 1200 | ४३,९०५ | | | | | | | |
| 3 | Labour | 60 | 0 | 1000 | ३६,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २८ गते (14th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले  सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Access Partners Nepal Pvt. Ltd.

Gov.Lic.No. : 1101/073/074

Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899

E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# भयरहित मतदान : बोलीमा होइन व्यवहारमा देखाऊ

आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मिति नजिकिँदै छ । निर्वाचन मिति नजिकिँदै गर्दा निर्वाचन आयोगले तयारीलाई पनि तीव्रता दिइरहेको छ । आयोगले निर्वाचन तयारी अन्तिम चरणमा पुगेको बताएको छ ।

आइतबार प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा पुनःमतदान गर्नुपर्ने अवस्था आउन नदिने बताएका थिए । झापामा आयोजित कार्यक्रममा बोल्दै उनले ठूलो प्राकृतिक विपत्तिबाहेक अन्य कारणले मतदान स्थगित हुने अवस्था नहुने गरी तयारी भइरहेको बताए । मतदातालाई भयरहित वातावरणमा मतदान गर्न पाउने अवस्था सुनिश्चित गरिने प्रमुख आयुक्त थपलियाको प्रतिबद्धता थियो ।

प्रत्येक निर्वाचनमा सुरक्षा मुख्य चुनौतीको विषय बन्ने गरेको छ । निर्वाचनमा बुथ कब्जा गर्ने, मतदातालाई धाकधम्की दिई आफ्नो पक्षमा मतदान गर्न दबाब दिने तथा निर्वाचनविरोधीहरूबाट विष्फोटलगायत हिंसात्मक कार्य गर्नेसम्मका घटनाहरू हुने गरेका छन् । यस्ता गतिविधिका कारण मतदान स्थगित गर्नुपर्ने अवस्था विगतका निर्वाचनहरूमा सिर्जना भएका थिए । साथै, पार्टीहरूबीच उत्पन्न विवादले पनि मतदान स्थगित गराउने अवस्था आउने गर्दछ । त्यसैलाई मध्यनजर गरी प्रमुख आयुक्त थपलियाले माथिको प्रतिबद्धता जनाएको बुझ्न सकिन्छ । तर, उनको प्रतिबद्धता व्यवहारमै कार्यान्वयन होला या नहोला, त्यो हेर्न आगामी ४ मंसिरलाई नै कुनुपर्ख ।

निर्वाचन स्वच्छ र निष्पक्षरूपमा सम्पन्न हुन मतदाताले कुनै दबाबमा नपरी मतदान गर्न पाउनुपर्छ । भयमुक्त वातावरणमा मतदाताले मत खसाल्न पाउनुपर्छ । त्यसैले आयोगले आफ्नो प्रतिबद्धताअनुसार निर्वाचन सुरक्षाको व्यवस्था गर्न आवश्यक छ । यसमा सरकारको पनि प्रमुख दायित्व रहन्छ । साथसाथै, राजनीतिक दलहरू र सरोकारवाला सबैले यसमा भूमिका खेल्नुपर्ने हुन्छ ।

सुरक्षाका कारण वा राजनीतिक दलले कुनै पनि मतदातालाई प्रभाव पार्ने कुनियत राखेको खण्डमा त्यस्ता तत्त्व वा व्यक्तिलाई नियमसंगत कारबाही गरिने प्रमुख आयुक्त थपलियाको भनाइ छ । तर, मतदातालाई प्रभावित पार्न विभिन्न हर्कत गर्ने गरेका उदाहरणहरू प्रसस्त छन् । त्यस्ता कार्य दोहोरिन नदिन प्रमुख आयुक्तले बोलेर हैन अब व्यवहारमै कार्यान्वयन गरेर देखाउनुपर्छ ।

सरकारले निर्वाचन सुरक्षाका लागि सबै सुरक्षा निकायलाई परिचालन गर्दै आएको छ । साथै, निर्वाचनकै लागि म्यादी प्रहरीसमेत भर्ना गरी परिचालन गर्दछ । तर पनि कतिपय मतदान स्थलमा सुरक्षा व्यवस्था कमजोरीले गर्दा मतदान स्थगित हुनुपर्ने अवस्था विगतमा हुँदै आएका छन् । त्यसैले आगामी निर्वाचनमा यस्तो घटना नदोहोरिने गरी तयारी गर्न आवश्यक छ । हुन त सरकारले सुरक्षाको हिसाबले संवेदनशील मतदानस्थलहरूको पहिचान गरिसकेको हुन्छ । यसपटक पनि त्यस्ता मतदानस्थलहरूको पहिचान गरिसकिएको छ ।

आशा गरौं, यसपटकको निर्वाचनमा सुरक्षा व्यवस्था प्रभावकारी देखिनेछ । प्रमुख निर्वाचन आयुक्तले भनेजस्तै पुनःमतदानको अवस्था सिर्जना हुने छैन । तर, यो काम भनाइमा होइन व्यवहारमा देखिनुपर्छ । यसका लागि निर्वाचन आयोग, सरकार र सरोकारवाला सबै जिम्मेवार बन्न जरुरी छ ।

# योङ पिकासो, बाल प्रतिभा र अजय देसारको चित्रकला



पदम श्रेष्ठ

नेपालमा अँध्यारोलाई केन्द्र बनाएर चित्र सिर्जना भएको खासै पाइँदैन । तर, कलाकार अजय देसारले सानो आगोको झिल्कोमा देखापर्ने आकृतिलाई निकै कलात्मक तरिकाले क्यानभासमा चित्र सिर्जना गर्दै आएका छन् । चित्रकलामा पश्चिमा शैलीको प्रभाव पाइएता पनि कलाकार देसारले जात्रा संस्कृतिमा लोप हुँदै गइरहेको विषयवस्तुलाई उजागर गर्ने गरेका छन् ।

उनले धेरैपल्ट जात्रा पर्वको फोटो वा स्केच खिच्न जाँदा जात्रामा उज्यालो दिन चिलाख बालिरहने एक जनालाई कुनामा देख्थे । बत्ती नभएको बेला त्यो चिलाख बाल्नेको महत्त्वपूर्ण भूमिका रहन्थ्यो । तर, आज जताततै झिलिमिली भएपछि उनको त्यो भूमिकालाई कर्मकाण्डी बनाइयो भन्ने तथ्य बत्ती बालिसकेपछि कुनामा पन्छिएर बस्नुपर्ने परम्परा थालेबाटै देसारले बुझे, र त्यसलाई क्यानभासमा उतारिदिए ।

उनी यस्तै हराउँदै गएका कलालाई उजागर गर्न उद्धत छन् । यी र यस्तै नयाँ तथ्यको खोजी आफूले मात्र होइन पछिका पुस्ताले पनि गर्दै जाऊन् भन्ने चाहन्छन् उनी । युवा पुस्तालाई यसमा प्रेरित गर्ने लक्ष्यका साथ कला अभियन्ता देशारले हालै पाटन संग्रहालयभित्र विद्यार्थीका लागि सिर्जनात्मक चारदिने कला प्रदर्शनी सम्पन्न गरे । प्रत्येक चार महिनामा आयोजना हुँदै आइरहेको सिर्जनात्मक कला प्रदर्शनीमा काठमाडौं उपत्यकाभित्रबाट छानिएर आएका विद्यालयहरू आदर्श विद्या सदन, हिमालय ह्वाइट हाउस, सिद्धार्थ विद्यापीठ, क्षितिज स्कुल, कौटिल्य ग्लोबल स्कुल र ब्लुबर्ड स्कुलका ३० जना विद्यार्थीहरूका विविध सन्देशयुक्त चित्र प्रदर्शनीमा राखिएका थिए ।

यो बाल कलाकारद्वारा सिर्जना गरिएका रचनात्मक चित्रकला खोजीको अभियान भएको योङ पिकासोका निर्देशक देशार बताउँछन् । 'इसेन्स अफ कलर' शीर्षकमा आयोजित कला प्रदर्शनीमा कक्षा ५ देखि १० कक्षासम्मका विद्यार्थीहरूको सहभागिता थियो । प्रदर्शनीको उद्घाटन वरिष्ठ कलाकार किरण मानन्धर र काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोलले चित्र कोरेर गरेका थिए । बाल प्रतिभालाई प्रोत्साहित गर्दै उनीहरू दुवैले स्कुल बिदाको सदुपयोग गर्दै थालिएको यसप्रकारको चित्रकला प्रदर्शनी देशकै लागि उदाहणीय हुने धारणा राखे । कलाकार देशारले सदुपयोगवादको सिद्धान्तअनुसार यसरी प्रतिभाको खोजी गर्दै आएको १० वर्षभन्दा बढी भइसकेको छ ।

### कलाकार देशारको जन्म र शिक्षा

नेपाल संवत् ११९३ (वि.सं. २०३९) सालमा ललितपुरको चापागाउँमा जन्मिएका देसारले चित्रकलाको औपचारिक शिक्षा ललितकला क्याम्पसबाट लिएका हुन् । विद्यालयस्तरदेखि नै ल्याण्डस्केप चित्र कोर्नमा हुरुक्कै हुने देशार लेख्नका लागि कापी कलमसमेत पर्याप्त नहुने बेलाका चित्रकार हुन् । चित्र कोर्न आवश्यक रङ, कुची, ल्याण्डस्केप पाउनु त के कल्पना पनि हुँदैन थियो । अनेक तिकडम अपनाएर क्यानभास, कुची लिएर हिँड्दा घर परिवारदेखि समाजले समेत अजय त बिग्रिन थालेछ भन्दै कुरा काट्थे ।

वि.सं. २०५७ सालमा झरुवारासीका केही वासिन्दाहरूले विद्युत् चोरी गरेर बत्ती बाल्दा रहेछन् । आफ्नो रुचिअनुसार ललितपुरको गाउँ गएर चित्र कोर्दा त्यो चित्र विद्युत् प्राधिकरणलाई दिन्छ भन्ने शंका गरी उनीहरूले उनलाई लखेट्ने र पिट्ने गरेका रहेछन् । चित्रकला सिर्जनामा लाग्दा साथीभाइले कतै घुम्न जाउँ भन्दा पनि नजाने, जानै परे एकान्तमा सिर्जना खोजिरहने स्वभाव भएपछि साथीहरूले पनि साथ छोडिदिए । अन्ततः उनी एक्लै परे तर पैसा चाहिन्थ्यो नै । समूह नभएकै कारण उनी चित्रकला जति दिए पनि बेचेर अभाव टार्थे ।

### बेलायत पढाइ यात्रा र योङ पिकासो कला केन्द्रको स्थापना

फाइन आर्टस्मा स्नातक सकेपछि देसारले थप पढाइका लागि लण्डन जाने अवसर पाए । त्यहाँ देसारले तीन वर्ष अवधिमा चारवटा एकल चित्रकला प्रदर्शनीमा भाग लिए । कला अध्ययनकै क्रममा लण्डन रहँदा त्यहाँ देशारले कला शिक्षक क्रिस बोण्डले बालबालिकालाई उनीहरूको रुचिअनुरूप कला अभ्यास गराउने गरेको पाए । त्यसबाट प्रभावित देशारले स्वदेश फर्किएपछि सन् २०१२ मा योङ पिकासो कम्युनिटी आर्ट स्कुल खोलेर बालबालिकालाई सम्पदा क्षेत्रको भ्रमण गराउँदै फाइन आर्ट पढाउने कार्यमा इतिहास नै रचिदिए ।

उनी बालबलिकालाई कक्षा कोठाभित्र राखेर यस्तो चित्र बनाऊ, उस्तो चित्र बनाऊ भन्दै निर्देशन दिँदैनन् । स्कुल-स्कुल वा अभिभावकलाई प्रस्ताव नै राखेर आर्टमा इच्छुक बालबालिकालाई भेला गर्ने र शनिबार वा बिदाका दिन काठमाडौंका सम्पदा क्षेत्रहरू ललितपुरको सानागाउँ, लुभु बज्रबाराही, भक्तपुर, चित्लाङ, दोलखाजस्ता क्षेत्रहरू भ्रमणमा लैजाने गर्छन् । भ्रमणमा बच्चाहरूले जे देख्छ त्यही दृश्य चित्र बनाउन दिँदा नयाँ सोचको उभार भएको अनुभव सुनाउँछन् कलाकार देसार । उनी स्कुल-स्कुल पुग्छन्, कलामा इच्छुक विद्यार्थीलाई आह्वान गर्छन्, खाजा सम्बन्धित विद्यार्थीलाई नै ल्याउन र गन्तव्यस्थलसम्म पुऱ्याइदिन सम्बन्धित स्कुलकै गाडीलाई भन्छन् । उत्पादित चित्रकलालाई प्रदर्शनीमा राख्ने, संकलित आर्ट बेलायत, क्यानाडा पठाउने गर्छन् भने बिक्रीको २५ प्रतिशत अभियानलाई छुटचाएर बाँकी रकम कलाकारलाई नै दिने गर्छन् ।



कलाकार देसार बालबलिकालाई कक्षा कोठाभित्र राखेर यस्तो चित्र बनाऊ, उस्तो चित्र बनाऊ भन्दै निर्देशन दिँदैनन् । स्कुल-स्कुल वा अभिभावकलाई प्रस्ताव नै राखेर आर्टमा इच्छुक बालबालिकालाई भेला गर्ने र शनिबार वा बिदाका दिन काठमाडौंका सम्पदा क्षेत्रहरु ललितपुरको सानागाउँ, लुभु बज्रबाराही, भक्तपुर, चित्लाङ, दोलखाजस्ता क्षेत्रहरु भ्रमणमा लैजाने गर्छन् । भ्रमणमा बच्चाहरुले जे देख्छ त्यही दृश्य चित्र बनाउन दिँदा नयाँ सोचको उभार भएको अनुभव सुनाउँछन् कलाकार देसार ।

### कला सिर्जनाको कथा

आठ वर्षको कलिलो उमेरमै आमा केशरीलाई गुमाएका कलाकार देसारलाई पिता कृष्ण देशारले एसएलसी पास हुँदा बाटोमा भेटिएको चित्र कोर्ने ब्रस ल्याएर दिएका थिए । त्यसबेला बुवाले उनलाई भनेका थिए- मैले तिम्रो लागि दिनसक्ने उपहार नै यो ब्रस हो । त्यो क्षण अत्यन्त भावुक थियो, अहिले सम्झँदा पनि भावुक बनाउँछ उनलाई । बुवाको त्यो उपहार ब्रस जतनपूर्वक राखेर फाइन आर्ट कलेजमा पढेको उनले सुनाए । एक दिन बुवाको मुहारचित्र बनाएर देखाउँदा बुवाले आँखाभरि आँसु पारेर 'अब तिमीले केही गरेर खान्छौं' भनेको उनले सुनाए ।

त्यसपछि घरमा कला र कलाकारलाई हेर्ने नजर नै परिवर्तन आएको थियो । दक्षतापछि पहिलोपटक बज्रबाराही मन्दिरमा चित्रकला प्रदर्शनी गर्दा श्रीलंकाली राजदूतले कलाकार देसारको दिल खोलेर प्रशंसा गरेका थिए । विभिन्न स्कुलहरूमा कला अभियन्ता बनेर काम गर्दै अगाडि बढ्दा आज उनी नेपालमा पनि चित्रकलाबाटै समृद्धि ल्याउन सकिन्छ भन्न सक्ने भएका मात्रै छैनन्, व्यवहारमै देखाउन सफल भएका छन् ।

